नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

## (जारी मिति: २०७८-०३-२० गते बिहान ०७ बजे)

### नदीहरुको हालको अवस्था (Present River Status)

**आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब सामान्य रहेको तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।**

### बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : असार-२० (आइतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, **कोशी, नारायणी र यसका सहायक नदीहरुमा** बहाव केही बढ्ने र केही स-साना सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- आज पश्चिम राप्तीमा बहाब सामान्य रहने, **कन्काई, कमला, बागमती, पुर्वी राप्ती, बबई** जलाधारका स-सना सहायक नदीहरुमा बहाव केही बढ्ने र केही साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को इलाम, **झापा,** उदयपुर, **ओखलढुंगा, खोटाङ, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ,** प्रदेश २ को बारा, पर्सा, रौतहट, **सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी,** बागमती प्रदेशको काठमाडौ, **धादिङ, नुवाकोट,** मकवानपुर, **चितवन,** सिन्धुली, **सिन्धुपाल्चोक, दोलखा, रामेछाप,** काभ्रेपलाञ्चोक, गण्डकी प्रदेशको **गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङ्गजा, पर्वत, बागलुङ, म्याग्दी, नवलपुर,** लुम्बिनी प्रदेशको **रुपन्देही, परासी, पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, दाङ,** कर्णाली प्रदेशको **सुर्खेत, सल्यान** र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ।

### पूर्वानुमान भोलि: असार-२१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, कोशी, नारायणी र यसका स-साना सहायक नदीमा बहाब केही बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पुर्वी राप्ती, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने, **तिनाउ** र यसका सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र केही साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- भोलि प्रदेश **१, बागमती,** **गण्डकी, लुम्बिनी** र कर्णाली प्रदेशको मध्यपहाड, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ ।

### पूर्वानुमान पर्सी : असार-२२ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, नारायणी र यसका सहायक नदीहरुमा बहाब केही बढ्ने र तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई, कमला, बागमती, पूर्वी राप्ती, बबई लगायतमा बहाब सामान्य घटवढ हुने, तिनाउ, पश्चिम राप्ती लगायतमा बहाब केही बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पूर्वानुमान छ ।
- पर्सी प्रदेश **१**, बागमती, **गण्डकी र लुम्बिनी** प्रदेशको मध्यपहाडी, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ ।

### सरोकारवालाका लागि परामर्श (Advisory):

- आज **कोशी, नारायणी र यसका सहायक नदीहरु तथा कन्काई, कमला, बागमती, पुर्वी राप्ती र बबई** जलाधारका केही साना सहायक नदीमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केही बढ्ने र केही साना नदीमा आकस्मिक बहाब हुन सक्ने पुर्वानुमान रहेकाले तटीय क्षेत्रका क्रियाकलापमा सतर्कता अपनाई राखौ ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।)

नोट: **पहेलो** रङ्ले **मध्यम जोखिम** रहेको संकेत गर्छ । **रातो** रङ्ले **उच्च जोखिमको** संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3179)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।